By David Cloud
Way of Life Literature
2014
www.wayoflife.org

डेविड क्लाउड
जीवनमार्ग साहित्य
२०१४
www.wayoflife.org

# बाल अनुशासन

## पाठ १

कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश १३:२४; १९:१८; २२:६, १५; २३:१३-१४, २६; २९:१५

ख्रीष्टियनहरूले सिक्न खाँचो भएको अर्को आधारभुत कुरा भनेको बाल अनुशासन हो। ख्रीष्टको कार्यको निम्ति आगामी पुस्ता अति महत्त्वपूर्ण छ। ख्रीष्टियन अभिभावकहरूले उनीहरूको नानीहरूलाई यस्तो तरिकाले हुर्काउन सक्छन् जसद्वारा उनीहरू पछिसम्म पनि ठीक बाटोमा निरन्तरै हिँडिरहनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ (हितोपदेश २२:६)। अभिभावकहरू आफै पनि कुनै असल ख्रीष्टियन परिवारमा नहुर्केको अवस्थामा, उनीहरू आफैले बाइबलबाट यो महत्त्वपूर्ण मामीलाको बारेमा सिक्नुपर्छ। दुवै विवाहित र अविवाहित विश्वासीहरूले यो सिक्नुपर्छ। विवाह गरेर नानीहरू पनि भइसकेपछि सिक्ने प्रयास गर्नु भन्दा पहिले, विवाह नगर्दै नै यी कुराहरू सिकेर जानकार भएपछि मात्र विवाह गर्नु उत्तम हो।

1. अनुशासन यथासिघ्र सुरु गर्नुपर्छ (हितोपदेश १३:२४; १९:१८)।

हितोपदेश १३:२४मा “होशियारीसँग” वा “समयमै” शब्दको अर्थ छिट्टो हुन्छ। उत्पत्ती २६:३१ र २ इतिहास ३६:१५ सँग तुलना गर्नुहोस्। बालकले उसको बाबु-आमाले के भनिरहेका छन् भन्ने कुरा बुझ्न थाल्ने बित्तिकै अनुशासन गर्न सुरु गर्नुपर्छ, र त्यो साधारणतया पहिलो केहि महिनाभित्रकै कुरा हो। यदि अनुशासन छिट्टै सुरु गरिएन भने निकै ढिलो हुन सक्छ र बालकले उचित ढङ्गले प्रतिकृया दिनेछैन। “आशा होउन्जेल” बालकलाई अनुशासन गरिनुपर्छ। एउटा यूवालाई तालिम दिने सर्वोत्तम समय भनेको ऊ दुध चुस्ने बालक हुँदाखेरी नै हो।

प्रभुमा सुत्नुभएको पास्टर जे.बी. बफिङ्गटनले भन्नुभएको थियो,

“मैले मानिसहरूले भनेको सुनेको छु, ‘मेरा नानीहरू यूवावस्थामा नपुगुन्जेल त सबै राम्रै थिए र त्यसपछि चाहिँ केही भयो।’ तर माफ गर्नुहोस्, कुरा त्यस्तो होइन। प्राय: जसो त्यस्तो केही हुने त पाँच वर्ष नपुग्दै हो। त्यसैले त म आमाहरूलाई यो अर्ती दिने गर्छु, ‘तपाईं आफै र अरू कुनै ईश्वरीय मानिस बाहेक कसैलाई पनि तपाईंको नानीहरूको धाई-आमा हुन नदिनुहोस्।’ ती पहिलो पाँच वर्षहरूमा, आचरण, सुरक्षा, उद्देश्यहरू, र अरू थुप्रै कुराहरू पहिल्यै विकास भइसकेका हुन्छन्, र ती कुराहरू

यूवावस्थामा मात्र पूर्ण रूपमा फक्रनेगर्छन्। बालक भनेको कम्प्यूटर जस्तो हो। तपाईं जे हाल्नुहुन्छ त्यही नै प्रदर्शीत हुनेछन्। तपाईंले कम्प्यूटरमा कुनै सङ्केत हाल्नुभएर अरू नै कुनै थोक प्रदर्शीत होस् भनेर प्रार्थना गर्न सक्नुहुन्छ, तर त्यसो हुँदैन। तपाईंको समय खेर नफाल्न म तपाईंहरूलाई विन्ती गर्छु, छिट्टै सुरु गर्नुहोस्" ("How to Lose Your Teenager before He is Five Years Old")

2. अनुशासनमा छडीको प्रभावकारी सदुपयोग गर्नैपर्छ (हितोपदेश १३:२४; २२:१५; २३:१३-१४; २९:१५)

बालकलाई अनुशासन गर्ने सवालमा हितोपदेशमा चार पटक छडीको उल्लेख गरिएको छ। यहि नै बाइबलीय अनुशासनको उचित सामग्री हो। छडी भनेको मुक्का होइन; यो भनेको झापड पनि होइन; यो लाठो वा छालाको पेटीले हिर्काउनु होइन; यो लात होइन; यो भनेको जोडले हकार्नु होइन; यो भनेको धम्की दिनु होइन। वेब्स्टर १८२८ शब्दकोशमा छडीलाई यसरी व्याख्या गरिएको छ, "कुनै काष्ठीय बोटको लामो हाँगा वा अङ्कुर; होचो बोट बुटानको हाँगा, वा डाँठ; हेजल वनस्पतीको, भोजवृक्षको, कडा किसिमको ओकवृक्ष अथवा हिकरी वृक्षको लौरो" उत्पत्ती ३०:३७ र यर्मिया १:११।

1. मानव-निर्मित विकल्पहरूको सट्टा छडीको प्रयोग गर्नैपर्छ। सुधारको निम्ति छडीको प्रयोग गर्न बाइबलले जोड दिएको छ, तर मानिसहरूले धेरै विकल्पहरू निकालेकाछन्। मानवीय मनोविज्ञानले मानिस स्वभावको बारेमा परमेश्वरले भन्दा पनि उसले नै धेरै जानेको छ भनी सोच्दछ र छडीको प्रयोगलाई निरुत्साह गर्न धेरै प्रकारका मूर्ख तुल्याउने इनामहरू र सजायहरूको प्रस्ताव राखेको छ। यहाँसम्म की बाइबलमा विश्वास गर्ने मण्डलीहरूका अधिकांश ख्रीष्टियन अभिभावकहरू पनि छडीको प्रयोग गर्नदेखि पछि हट्छन् र अरू प्रभावकारी विकल्प पत्ता लगाउने प्रयास गर्छन् तर यो बुद्धिमानी होइन।
2. बालक विद्रोही हुँदा छडीको प्रयोग गर्नै पर्छ। बाइबलीय छडी भनेको सुधारको छडी हो(हितोपदेश २२:१५; २३:१३)। मौखीक आदेश र आज्ञा पालन गर्न इन्कार गर्ने बालकलाई सुधार्नको निम्ति यसको प्रयोग गरिन्छ। अनाज्ञाकारिता र विद्रोहलाई सुधार्न यसको प्रयोग गरिन्छ। तर बालकले नबुझेको अवस्थामा वा दोधारमा परेको अवस्थामा अथवा अधिकारीको अनाज्ञाकारी भएकोबेला भन्दा अरू नै कुनै तरिकाले कार्य गरिरहेको बेलामा चाहिँ यसको प्रयोग गरिँदैन। पाष्टर डेविड सोरेन्सनले उनको एकजना छोरीको हठी विद्रोहको कारणले तिनलाई कसरी सुधार्नु परेको थियो भन्ने बारे वयान गर्नुभएको छ:

   > हाम्रो एकजना छोरी सानी छँदा, तिनले एक रात आफ्नो ओछ्यानमा बस्ने मनै नभएको निर्णय गरिन्। तिनलाई ओछ्यानमा राखिएको थियो, तर तिनले बाहिर निस्कने निर्णय गरिन्। तिनी आफ्नो ओछ्यानबाट बाहिर निस्किन् र वैठक कोठामा आइन्। यो उसको सुत्ने समय हो र ऊ फेरी ओछ्यानबाट बाहिर निस्केको खण्डमा छडी लगाइनेछ भन्ने बारे उसलाई सम्झाउने कार्य पनि गरियो। उसलाई पुन: ओछ्यानमा राखियो। केही मिनट पछाडी, ऊ फेरी बाहिर आई।

प्रतिज्ञा गरे बमोजिम, उसलाई छडी लगाइयो र फेरी उसकै ओछ्यानमा राखियो। .....केही मिनटपछि, ऊ फेरी पनि बाहिर आई। उसलाई फेरी पनि छडी लगाइयो र उसको विद्रोही रुवाइको बावजुद पनि उसलाई ओछ्यानमा राखियो। उसले झोक निकालिरहेकी थिई। केही समयपछि ऊ ओछ्यानबाट निस्कन र बाहिर वैठक कोठामा आउन थालिन्। हामीले जतिसम्म भन्न सक्छौं, ऊ उठ्नु पर्ने त्यहाँ कुनै पनि उचित कारण थिएन। ऊ त केवल ओछ्यानमा बस्न मानिरहेकी थिइनन्। फेरी पनि उसलाई छडी लगाइयो। यो कुरा करिब आधा घण्टासम्म चलिरह्यो, तर अन्त्यमा उसले सन्देश बुझी; यदि उसले आमा र बुबालाई खुल्ला विद्रोह गरी भने, उसलाई छडी लगाइनेछ। त्यो छडी लगाउने कार्य दृढ थियो। हर एक पटक नै छडी लगाउने काम भएको थियो।.......

त्यस रात ठूलो युद्धमा जित हासिल भयो। उसको विद्रोही सानो इच्छा टुक्रा-टुक्रा भयो। उसले अभिभावकहरूको आधिकारलाई तोड्ने सक्दो प्रयास गरिन्, तर हार उसकै भयो।....

के हामीहरू बुबा-आमा भएको नाताले उसलाई छडी लगाउन रमायौं र? हामीले छडी लगाइएको हरेक क्षणलाई घृणा गररिरहेको थियौं। ऊ हाम्रो गौरव र आनन्द थिई। उसलाई वैठक कोठामा हाम्रो काखमा अँगालेर राख्नु भन्दा धेरै आनन्द अरू कुनै कुरामा हुनेथिएन, तर कसरी उसको जीवनमा अनुशासनको विकास गर्नु उसलाई धेरै खाँचो थियो भन्ने हामी जान्दथ्यौं (Sorenson, Training Your Children to Turn out Right, pp. 71, 72)।

3. छडी चलाउन छोड्नुहुँदैन (हितोपदेश १३:२४)। यसको अर्थ छडी चलाउन देखी पछि हट्नु, यसको प्रयोग गर्न विफल हुनु हो।

अभिभावकहरूलाई छडी नचलाउन परिक्षा गर्ने धेरै कुराहरू छन्, जस्तै बालकको रुवाइ र रुन्चे स्वर (हितोपदेश १९:१८), बालकको झूट (उदाहरण, छडी भेट्दैछु भन्ने थाहा पाउन बित्तिकै उसले कपटपूर्वक "मलाई माफ गर्नुस" भन्दा), शारीरिक थकान, विस्तारशील अनुशासनको प्रकृयातर्फ अधीरता, भलो कुरा गर्न खोज्ने तर गलत रुपबाट निर्देशन गर्ने साथी र नाता-गोताहरूद्वारा हस्तक्षेप, र मानसिक नैराश्यता। तर यदि प्रयोग गर्न आवश्यक परेको क्षणमा छडी चलाइएन भने अनुशासन प्रभावकारी हुँदैन।

छडी चलाउन तब छोडिएको हुन्छ जब पूर्ण रुपले छडी रोकेर राखिएको हुन्छ। धेरै अभिभावकहरूले यो पाप गर्दछन्।

छडी चलाउन तब पनि छोडिएको हुन्छ जब प्रयोग गर्नुपर्ने अवस्था सिर्जना हुँदा पनि बारम्बार रोकिन्छ। केहि अभिभावकहरूले उचित ढङ्गले नै छडीको प्रयोग गर्न सुरु गर्छन्, तर त्यसपछि उनीहरू मन्द हुन्छन्। केही अरूहरूले समय-समयमा छडीको प्रयोग गर्छन्, तर उनीहरूले दृढतापूर्वक यसको प्रयोग गर्दैनन्। अनुशासनमा स्थिरता साह्रै महत्त्वपूर्ण हुन्छ, किनभने अस्थिरताले नानीहरूलाई वास्तवमा आज्ञा पालन नगर्न तालिम दिन्छ। "यदि बालकलाई मण्डलीमा नदगुर्न आज्ञा दिइन्छ, र बाबु-आमाले त्यो बालक दगुरिरहेको देख्छन् र उक्त

कृयाकलापको विषयमा केही पनि गर्दैनन्, त्यहि नै अस्थिर अनुशासन हो। बाबु-आमाहरू हो! बालकले नियमहरू बुझ्नुपर्छ र यदि उनीहरूले नियम तोडे भने उनीहरूले ताडना पाउनेछन्" (Terry Coomer, Rearing Spiritual Children, p. 62)। डेविड सोरेन्सनले भनेका छन्, "हामीले हाम्रा नानीहरूले हाम्रो आज्ञा पालन गरून् भन्ने सकारात्मक तरिकाले माग राख्यौं। यदि उनीहरूले आज्ञा पालन गरेनन् भने, त्यहाँ तुरुन्त र दृढ नतिजा दिइन्थ्यो। हरेक पटक। हर एक पटक!"

केही नानीहरूलाई छडीको प्रयोग गर्नबाट रोक्नाले पनि छडी चलाउन छोडिएको हुन्छ। उदाहरणको निम्ति, अभिभावकहरूले पछि जन्मिएका बालकहरूभन्दा पहिलो जन्मिएको बालकप्रति बढी कडा व्यवहार गर्नु नौलो होइन। विशेषगरी, बुबा-आमाहरूले वृद्धा अवस्था पुगेपछि ढिलो जन्मिएका सन्तानहरूलाई छडी नचलाउनु साधारण कुरा हो।

4. बालकलाई सुधार्न पर्याप्त बलको साथ छडीको प्रयोग गर्नुपर्छ (हितोपदेश २३:१३)। बालकको हृदयमा बाँधिएको मूर्खतालाई हटाउनैपर्छ (हितोपदेश २२:१५)। सिकाउन खोजिएको कुरा उसले बुझ्नेगरी र हृदय देखिको साँचो समर्पणतामा ल्याउनको निम्ति छडीले उसलाई पर्याप्त मात्रामा दुखाउनुपर्छ। बालकको हृदयबाट मूर्खता हटाउनको निम्ति उचित बल, दृढसङ्कल्प, र अथक प्रयत्नको खाँचो पर्छ (हितोपदेश २२:१५)। यदि छडी प्रयोग गरे तापनि बालक अनाज्ञाकारितामा नै जिद्दी गर्दछ भने, छडीलाई पर्याप्त मात्रामा जोडले वा दृढताले प्रयोग गरिएको छैन (अथवा छडीलाई गलत मनोभाव र अभिप्रायले प्रयोग गरिएको छ)। प्राय: जसो यस कुरामा अभिभावकहरू विफल हुन्छन्। उनीहरूले आफूले खोजेको नतिजा पाउनको निम्ति थोरै तर अपर्याप्त छडीको प्रयोग गर्छन्, र छडीले खासै काम नगर्ने रहेछ भनेर विश्वस्त हुन्छन्। अथवा उनीहरूले अस्थिर किसिमले यसको प्रयोग गर्छन्। यस्तो अवस्थामा समस्या भनेको छडीमा होइन; समस्या भनेको आधा-हृदय, छडीको अस्थिर किसिमको गलत प्रयोगमा हो। म एकजना ख्रीष्टियन मित्रलाई सम्झन्छु जसको दुई वर्षको छोरा थियो जो औधि ठूलो र औधि अटेरी थियो। आमाचाहिँले उसलाई उसको मोटो डायपर (diaper) माथि हातले केही "थप्पड" प्याट्ट हान्ने गर्थिन् र उसले अक्षरश: रुपमै हाँसेर उडाउँथ्यो र ऊ आफ्नो उपद्रव अनि विद्रोहमै दृढ रहन्थ्यो। यसमा छक्क पर्नै पर्दैन, त्यो बालक यूवा अवस्थामा पुग्दा ऊ अनियन्त्रीत भइसकेको थियो। छडीको बाइबलीय प्रयोगले त्यस भयङ्कर विद्रोहको बाटो रोक्न सक्थ्यो र परिवारलाई धेरै टाउको दु:खाइबाट र बालकलाई धेरै शोकहरूबाट बचाउन सक्थ्यो।

5. बारम्बार दोहोर्याइएको आज्ञा र चेतावनीबिना नै छडीको प्रयोग गर्नुपर्छ। धेरै अभिभावकहरू आफ्ना नानीहरूलाई पहिलो आज्ञामै पालन गर्न सिकाउने हेतुले धैर्यतासाथ, छिटो, र दृढतापूर्वक छडीको प्रयोग गर्नुको साटोमा आफ्नो नानीहरूलाई बारम्बार "हुँदैन" भन्दै चेतावनी दिइरहने र तर्साउने बानीको पासोमा पर्दछन्। यदि उसले एक आदेशमा मान्दैन भने, उसले मान्ने नहोउन्जेलसम्म छडी लगाइनुपर्छ। छडी लगाउनु भन्दा अगाडी बारम्बार आदेश मात्र दिइयो भने वास्तवमा, आज्ञा पालन नगर्न उसलाई सिकाइएको हुन्छ र बाबु-आमाले त्यस बालकलाई तालिम दिनुभन्दा पनि त्यस बालकले चाहिँ आफ्नो बाबु-आमालाई तालिम दिइरहेको हुन्छ। उसले जान्दछ

कि उसको बाबु-आमाले उसलाई दिएको आदेश अथवा चेतावनी वास्तविक होइन, किनभने बारम्बार अनाज्ञाकारी हुँदा पनि उनीहरूले उसलाई त्यसै जान दिन्छन्। पाष्टर सोरेन्सनले भन्नुहुन्छ:

पाष्टर भएको नाताले, म हजारौं घरहरूमा पुगेको छु। निम्न दृश्य अनेक पटक दोहोरिएको मैले देखेको छु।..... आमा (अथवा, कहिलेकाहिँ बुबा)ले कान्छालाई भन्नुहुन्छ। ‘सुत्न जाने समय भयो’ (अथवा अन्य कुनै अभिभावकीय निर्देशन)। कान्छाले उसकी आमालाई सुने-नसुने झैं गर्छ र टि.भि हेरी नै रहन्छ।.... केहि क्षणपश्चात, तिनले फेरी भन्छिन्, ‘कान्छा, मैले तिमीलाई जाऊ, अनि सुत्नको निम्ति तयार होऊ भनेको थिएँ”। उसले जवाफ दिन्छ, “ह्या, मलाई जान मन छैन”। आमाले त्यो केटोलाई त्यत्तिकै छाडिदिन्छिन्। केहि समय पछि, त्यो मामलामा आमा अब अलिकति तात्तिन्छिन्। तिनले अब आफ्नो आवाज अलिकति चर्को पार्छिन् र भन्छिन् ‘मैले तिमीलाई सुत्नलाई खाटमा जाऊ भनेकी थिएँ”। कान्छाले जवाफ दिन्छ, ‘तर मम्मी, मलाई मेरो मन पर्ने कार्यक्रम हेर्न मन लागिरहेको छ’। त्यो प्रतिकारलाई आमाले अझै केहि समय सहन्छिन्। त्यसपछि तिनले घोषणा गर्छिन्, ‘अब यो अन्तिम चोटि म तिमीलाई भन्दैछु। जाऊ र सुत!’ कान्छा, आमाले अब आफूलाई धेरै पटक कराउनुभएकोले आफै क्रूद्ध भएर, जवाफ फर्काउँछ, ‘मैले तपाईंलाई भनिसकैं नि, मलाई जान मन छैन!’ अन्त्यमा, आमा कराउँछिन्, ‘म तँलाई चेतावनी दिँदैछु, गइहाल्, नत्र म तँलाई लट्ठी लगाउनेछु’।

यस्तो विभिन्न खालका दृश्य हरेक दिन हजारौं पटक दोहोरिन्छ। वास्तविक दोषी कान्छा होइन। उसकी आमालाई नकार्न सकिन्छ भन्ने कुरा उसलाई उसको अनुभवहरूबाट थाह भइसकेको छ। आफै उठेर त्यस कुरासँग उचित व्यवहार गर्न तिनले साह्रै अल्छि गरिरहेकी थिइन्। तिनले, वास्तवमा, तिनको आफ्नै मार्गद्वारा कान्छाको घाँमडपनालाई सहायता दिइरहेकि थिइन्।

कसैले यसो भन्ला, “यदि मैले त्यस्तो अवस्थालाई माथि सल्लाह दिइए अनुसार सम्हाल्न खोजें भने, त्यहाँ घनघोर युद्ध हुनेछ”। ठीक छ, तपाईंले त्यो युद्धमा सहभागी भएर जित्न सकिने बेलासम्म जित्नुहोस्। यस्तो दिन आउँदैछ जब तपाईंले त्यो युद्ध जित्न सक्नुहुनेछैन (Training Your Children to Turn out Right, pp. 69, 70)।

6. नानीसँग कुरा गरेकै सन्दर्भमा र बुद्धिमानीपूर्वक छडीको प्रयोग गरिनुपर्छ। अभिभावकहरूले आफ्ना नानीहरूलाई बुझ्नु आवश्यक हुन्छ ताकि उनीहरूले बालकीय बुद्धुपना र अलमल र बेवास्ता र बिद्रोहको बिचमा भिन्नता छुट्टाउन सकुन्। त्यहाँ वार्तालाप हुनैपर्छ। कहिलेकाहिँ बालकसँग कुरा मात्र गर्नुपर्ने हुन्छ।

यहाँ तल बालकलाई कसरी छडी लगाउने भन्ने विषयमा बुद्धिमानी नियमहरू दिइएका छन्, यी नियमहरू “Raising Children in an Ungodly World” पुस्तकबाट उद्दरण गरिएका हुन्।

1. बालकहरूले नियमहरू राम्रोसँग बुझेका छन् भनी निश्चित गर्नुहोस्।

2. जब अनुशासन खाँचो पर्दछ, बालकलाई कतै बेग्लै एकान्तमा लैजानुहोस् र उसले कुन गल्ती गरेको छ र ऊ कसरी अनुशासन गरिनेछ भनी उसलाई बताइदिनुहोस्।

3. अब के हुनेछ भनी बालकलाई व्याख्या गरेर, आत्म-नियन्त्रणसाथ अनुशासनलाई प्रयोगमा ल्याउनुहोस्।

4. बालकलाई अँगालो मार्नुहोस् र तपाईं उसलाई प्रेम गर्नुहुन्छ भनी उसलाई बताउनुहोस्।

5. यो अनुशासन गर्नु किन खाँचो पर्यो र उनीहरूको व्यवहार किन गलत थियो भनी वर्णन गर्नुहोस्; उनीहरूले यो व्यवहारलाई भविष्यमा कसरी सुधार्न सक्छन् भन्ने बारेमा कुरा गर्नुहोस् र वैकल्पिक व्यवहारहरू बारे सल्लाह दिनुहोस्।

6. अधिनताको माग परमेश्वरले राख्नुहुन्छ र यो केवल हाम्रो आफ्नै मात्र कार्य होइन भन्ने कुरालाई जहिल्यै पनि जोड दिनुहोस्।

जब तपाईंबाट बालकले छडी पाउँदा उक्त बालकले तपाईंलाई उसले प्रेम गर्दछ भनी बताउन सक्दछ भने, यसको अर्थ हुन्छ, उसले तपाईंको प्रेम र आत्म-नियन्त्रणलाई बुझ्न सक्छ। अभिभावकको रुपमा हामीले हरेक पल्ट नै कुनै गल्ती बिना नै यस्तो काम गरिरहेका हुन्छौं भनी मैले भनिरहेको होइन। मैले मेरो जीवनको बाटोमा निश्चय नै गल्तीहरू गरेको छू (जस्तैः एकान्तमा अनुशासन नगर्ने र ख्रीष्टको सट्टामा रिसलाई पनि राज्य गर्न दिने) तर यहाँ वा त्यहाँ केहि पापपूर्ण गल्तीहरू हुँदा-हुँदै पनि परमेश्वर हाम्रो अति-प्रिय नानीहरूलाई अनुशासन गर्ने काममा अनुग्रही हुनुभएको छ (Ken Ham, Raising Godly Children in an Ungodly World, p. 197)।

मूर्खतापूर्ण र आवेगपूर्ण र क्रोधपूर्ण छडीको प्रयोगले नानीहरूलाई रिस उठाउन र अभिभावकबाट पर भगाउन प्रेरित गर्न सक्छ। नानीहरूसँग कुरा गर्नु एकदम महत्त्वपूर्ण छ। नत्रभने उनीहरू अलमलमा पर्न र निरुत्साहित हुन र अभिभावकहरू तर्करहित छन् भनी सोच्न सक्छन्। अनुशासन गर्ने क्रममा गल्ती हुन गएकोमा अभिभावकहरूले आफ्नो भूल स्वीकार गर्न तयार हुनुपर्छ। यो सबै कार्य प्रणालीहरूमा अभिभावकहरूले नानीहरूलाई आफ्नो प्रेमको विषयमा निश्चित गराउनुपर्छ।

**बाल-अनुशासन भाग १ बाट पुनरावलोकनका निम्ति प्रश्नहरू**

1. कुन पदले "बालकलाई जुन बाटोमा त्यो हिँड्नुपर्छ, त्यही बाटोको तालिम देऊ; र बुढो हुँदा पनि ऊ त्यसबाट हट्नेछैन" भन्दछ?
2. "होशियारीसँग" वा "समयमै" शब्दको अर्थ के हो?
3. बाल-अनुशासन कहिले सुरु गर्नुपर्छ?
4. किन बाल-अनुशासन छिट्टै सुरु गर्नुपर्छ?
5. कुन पदले "आशा होउन्जेल आफ्नो छोरालाई ताडना देऊ" भन्दछ?

6. बाल-अनुशासनसँग सम्बन्धित भएर कतिपटक हितोपदेशको पुस्तकमा “छडी” शब्दको प्रयोग गरिएको छ?
7. छडीको प्रयोग कहिले गरिनुपर्छ?
8. बाइबलीय छडी भनेको ________को छडी हो।
9. कुन तीन कुराहरूद्वारा छडीको प्रयोग गर्न छाडिन्छन्?
10. बालकको हृदयमा बाँधिएको मूर्खतालाई उसबाट ________।
11. यदि बालकले ____ आदेशमा मान्दैन भने, उसले मान्ने नहोउन्जेलसम्म छडी लगाइनुपर्छ।
12. कसरी केहि अभिभावकहरूले उनीहरूको नानीहरूलाई आज्ञा पालन नगर्न तालिम दिइरहेका हुन्छन्?

# बाल-अनुशासन

## पाठ २

कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश १३:२४; १९:१८; २२:६, १५; २३:१३-१४, २६; २९:१५

अघिल्लो पाठमा हामीले बाल-अनुशासन सम्बन्धी दुई महत्त्वपूर्ण सत्यताहरूको अध्ययन गर्यौं। यो छिट्टै सुरु गरिनुपर्छ, र यसमा छडीको प्रभावकारी प्रयोग गरिनुपर्छ।

यस पाठमा यहि विषयमा ६ ओटा थप महत्त्वपूर्ण बाइबलीय सिद्धान्तहरू अध्ययन गर्नेछौं।

3. उचित बाल-अनुशासनमा अभद्र तरिकाले कुरा गर्ने वा खलबली मच्च्याउने वा सजायलाई प्रतिरोध गर्ने अनुमती हुँदैन।

डेविड सोरेन्सन भन्दछन्,

हाम्रो घरको अर्को आधारभुत नियम यो थियो कि हामी अभिभावकलाई अनादर गर्ने, अवहेलना गर्ने, अभद्र तरिकाले कुरा गर्ने र अरू कुनै पनि तरिकाले हामी प्रति विद्रोह गर्ने व्यवहारहरू अलिकति पनि सहँदैनथियौं। अवहेलना वा अनादर गर्ने अनुमती छैन भनी उनीहरूलाई बारम्बार सिकाउनेगर्थ्यौं!..... १ शमूएल १५:२३मा लेखिएको छ, "किनभने विद्रोह गर्नु जोखना हेर्ने पापजस्तै हो..." यो शैतानी मूलको हो। र विद्रोह बठ्याइँ बोल्ने मुखबाट सुरु हुन्छ। ... बाल-बालीकाहरू विद्रोही, अभद्र आत्मा लिएर जन्मन्छन्, र जति छिटो यसलाई कोपिला अवस्थामै चुँडियो उती नै असल हो।

कहिलेकाहिँ हाम्रो एकजना नानीले, छडीको प्रतिरोध गर्दथिन्। यदि उसले झगडा र प्रतिरोध गरीन् भने, वास्तविक सजायभन्दा दुई गुणा ज्यादा दिइनेछ भनी उसलाई जानकारी गराइएको थियो। अब, यो अलि कडा जस्तो देखिएला। तरैपनि, ताडना दिँदै गरेको समयमा पनि बिद्रोहलाई ठाउँ दिइनेछैन भन्ने कुरा उसलाई महसुस हुन धेरै समय लागेन।

बिद्रोहलाई कोपिलाचरणमै सामना गरिएको हुनाले फलस्वरुप छोरीहरू विद्यालय भर्ना हुने उमेर अगाडि नै उनीहरू लगभग बिद्रोह मुक्त भइसकेका थिए...

बिद्रोहलाई सिधै सामना गर्दा, नानीहरूलाई तपाईंले झन् बिद्रोही बनाउनुहुनेछ भन्ने मूर्खतालाई विश्वास नगर्नुहोस्। बिद्रोह र अवज्ञा कष्टदायक र घातक क्यान्सरझैं बढ्दछ। जति छिटो यसको सामना गरियो, त्यति नै उत्तम।

कुनै व्यक्तिले हाम्रो घर कठोर, निरङ्कुश, युद्धजन्य वातावरण भएको घर हो भनी सोच्न सक्छ। तर यसको ठीक विपरीत, हाम्रो घर न्यानो, रमाइलो मन पराउने ठाउँ थियो; अन्तरद्वन्द निकै थोरै हुनु नै हाम्रो घरलाई मीठो स्थान बनाउने एउटा कारण थियो (Training Your Children to Turn out Right, pp. 66-68)।

यो अति महत्त्वपूर्ण बुँदा हो। मूर्खता बालकको हृदयमा बाँधिएको हुन्छ भनी बाइबलले बताउँदछ, र विभिन्न तरिकाहरूद्वारा यो प्रमाणित हुन्छ। नानीहरूले तर्कसङगत व्यवहार गर्दैनन्! उनीहरू मूर्खतापूर्वक व्यवहार गर्दछन्। उनीहरूसँग विद्रोह गर्ने कैयौं तरिकाहरू हुन्छन्, र यदि एउटा तरिका सफल भएन भने अर्को तरिका प्रयोग गर्दछन्। उदाहरणको निम्ति, ठूलो रूञ्चे स्वर निकाल्छन् र सुँक सुँक गर्छन् अथवा मूर्च्छा पर्छन् वा भावात्मक हुँदै रून्छन् र चुप लाग्न इन्कार गर्छन्। ती मूर्ख हृदयका कामहरू हुन् र बिद्रोहको वक्तव्य हुन्, र बालकलाई यस्तो व्यवहारहरू गर्ने अनुमति छैन भनी सिकाइनुपर्छ। उसले आज्ञा पालन गर्नैपर्छ। हरेक पटक! उसलाई उसको पापी मूर्खताको कारणले घरको (चाहे त्यो बाबु-आमाको घर होस् अथवा अरू कसैको) अथवा अनौपचारिक आपसी भेटघाटको वातावरण बिगार्ने अनुमती दिनुहुँदैन। बुद्धिमानी बाबुआमाले उनीहरूको बालक कुनबेला साँच्चै दु:खित भएर रोइरहेको छ वा कुनबेला बिद्रोहको स्वार्थी स्वभाव देखाउँदै छ भन्ने बताउन सक्छन्।

4. व्यवहार र आचरण दुवैको निम्ति अनुशासनको अभ्यास गरिनुपर्छ।

धेरै अभिभावकहरूले व्यवहार र आचरण दुवैको निम्ति अनुशासन गर्नुको सट्टामा केवल व्यवहारको निम्ति मात्र अनुशान गरेर बाल-अनुशासनमा चुक्दछन्। उनीहरूले बाहिरी रुपमा आज्ञाकारी देखिएसम्म बालकलाई खराब आचरण लिएर जान दिन्छन्, तर यसले उसको खराब बानीलाई उत्साहित तुल्याउँदछ। यो कुराले हामीलाई एकजना बालकको सम्झना गराउँदछ जसलाई उसको बुबाले बस्ने आज्ञा दिनुभएको थियो। उसले आज्ञा पालन नगरेमा उसको बुबाले उसलाई छडी लगाउनुहुनेछ भन्ने थाह पाएकोले, त्यो सानो बालकले मान्यो, तर जब ऊ बस्यो, उसले भन्यो, “मेरो हृदयमा म अझै पनि उभिरहेको छु!” यस्तै तरिकाले व्यवहार गर्ने बालकहरूसँग थुप्रै तरिकाहरू हुन्छन्। उनीहरूले मसिनो ठट्टयोली आवाज निकाल्छन्; उनीहरूले अनुहार फेर्छन्; उनीहरू ठुस्सिन्छन्; उनीहरू भ्यात्त बस्छन् र ठाडो बस्न इन्कार गर्छन्। यस्तो व्यवहार परमेश्वरको सामु ग्रहणयोग्य आज्ञाकारिता होइन, र बुद्धिमानी अभिभावकहरूले यसको अनुमती दिँदैनन्। मिसनरी बोब निकोल्स (Missionary Bob Nicols)सँगको अन्तर्वार्तामा मलाई यो कुरामा यसरी जोड दिइएको थियो, “मैले अभिभावकहरूमा देखेको अर्को कुरा यो हो, उनीहरूले आचरणको वास्ता गर्दैनन्। आचरण साह्रै महत्त्वपूर्ण कुरा हो। तपाईंले कुनै कुरा गलत आचरणले गर्न सक्नुहुन्छ र त्यसले उचित अवस्थाहरू सृजना गर्दैनन्। यदि तपाईंले उनीहरूले भाडा माझ्न वा फोहर बाहिर लैजान अथवा अरू कुनै कार्य गर्न आज्ञा दिनुभयो, तर उनीहरूको आचरण ठीक छैन भने उनीहरूले कुनै इनाम पाउने छैनन्। उनीहरू अझै पनि अनाज्ञाकारी नै छन्, र सुधारिनु आवश्यक परेको छ। धेरै मानिसहरूले दुर्व्यवहारलाई सुधार्दछन्, तर आचरणको बारेमा वास्ता गर्दैनन्। हामीले आचरणको समस्यालाई पनि अनुशासन गर्यौं। हामीले दुई चित्तेपनालाई अनुमती दिएनौं। झोंक्किएर उठेझैं खुशी हुँदै पनि सजिलै उठ्न सकिन्छ। अभिभावकहरूले नानीहरूको जीवनमा दुईचित्तेपनलाई अनुमती दिनु हुँदैन। हामीले त्यस्तो व्यवहारलाई तुरुन्तै सुधार गर्यौं। यदि उनीहरूको खराब आचरण छ भने, त्यहाँ तत्काल सुधार हुने गर्दथ्यो। हामीले यसलाई कुनै अनुमती दिएनौं।”

निकोल्सले यो पनि महत्त्वपूर्ण बूंदा दिए, नानीहरूलाई एक-अर्कासँग मिलेर बस्न सिकाइनुपर्छ। अभिभावकहरूले उनीहरूलाई झगडा गर्न र घमण्डी व्यवहार गर्न दिनुहुँदैन। "हामीले कहिल्यै पनि हाम्रा नानीहरूलाई झगडा गर्न दिएनौं। हामीले कहिल्यै पनि उनीहरूलाई एक-अर्कालाई होच्याउन अथवा गिल्ला गर्न दिएनौं। हामीले यसको कुनै अनुमती दिएनौं। यदि तपाईं मेरो परिवारको वरिपरि हुनुभएको भए, तपाईंले यो महसुस गर्नुहुने थियो कि उनीहरूलाई अरूहरूका नानीहरू प्रति गहिरो आदर छ र सबै उमेरका बालकहरूसँग उनीहरू घुलमिल हुन रुचाँछन्।"

यो सँग-सँगै, जसरी हामीले अघि पनि सिकिसक्यौं, साना नानीहरूलाई ठूला नानीहरूको आदर गर्न र आज्ञा पालन गर्न सिकाइनुपर्छ। मिसनरी बोब निकोल्स भन्छन्, "हामीले जहिल्यै पनि सानाहरूलाई आफूभन्दा ठूलालाई आदर गर्न सिकायौं। धेरै जसो सानाहरूले ठूला नानीहरूको कुरा सुन्न मान्दैनन्, तर परमेश्वरश्वरले आफ्नो कुनै बनावट वा योजनामा हामी सबैलाई परिवारमा क्रम अनुसार राख्नुहुन्छ। त्यसैले उनीहरूको त्यो कुरा बुझ्नुपर्छ।"

5. दयालु भएर अनुशासन गर्नुपर्छ (हितोपदेश ३:११-१२; १३:२४)।

छडीको प्रयोग गर्दाहुँदि यदि बुबा-आमाको ठीक आचरण छैन भने त्यस छडीले काम गर्दैन र ईश्वरीय अधीनताको उल्टो नतिजा ल्याउन सक्छ। हामीले प्रेमलाई प्रतिकृया दिन्छौं। बाइबलले बताउँदछ कि हामी परमेश्वरलाई प्रेम गर्दछौं किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो (१ यूहन्ना ४:१९)। जब बुबा-आमाले आफ्ना नानीहरूलाई प्रेम गर्नुहुन्छ र उक्त प्रेमलाई सफासँग र निरन्तरता साथ प्रकट गर्नुहुन्छ, नानीहरूले दयालुपनलाई उचित प्रतिकृया दिँदछन् र बुबा-आमाप्रति उनीहरूको हृदय नजिकमा राखिन्छ र अभिभावकीय निर्देशनप्रति उनीहरू खुल्ला हुन्छन्। टेरी कूमर (Terry Coomer)ले यसरी चेतावनी दिएका छन्, "हरेक समय कराउने र चिच्च्याउने अभिभावकहरूले केवल बिरोधलाई मात्र निर्माण गरिरहेका हुन्छन्। बालकले तपाईं कराउनुभएको र चिच्च्याउनु भएको सुन्नेछन् र जब ऊ हुर्कन्छ, उसले कहिल्यै पनि तपाईंले भन्नुभएको कुरालाई सुन्नेछैन। ध्यानसँग सुन्नुहोस्, बालकको ठीक प्रकारको अनुशासनमा क्रोधपूर्ण अनुशासनको आवश्यकता छैन। जब हाम्रा नानीहरू अनाज्ञाकरी भए, हामी शान्त भई सुत्ने कोठामा गयौं र उनीहरूको अनाज्ञाकारीताको बारेमा उनीहरूसँग कुरा गर्यौं र परमेश्वरले उपलब्ध गराउनुभएको स्थानमा छडी लगायौं। उनीहरूको व्यवहारप्रति हामी निराश भएका छौं र परमेश्वर पनि निराश हुनुभएको छ भनी हामीले हरेक पटक उनीहरूलाई बतायौं। त्यसपछि हामीले उनीहरूलाई बतायौं कि हामी उनीहरूलाई प्रेम गर्दछौं र उनीहरू असल स्वभाव हुँदै बढेको चाहन्छौं र परमेश्वरतर्फ आज्ञाकारी भएको चाहन्छौं। हामीले उनीहरूलाई यो पनि बतायौं कि येशूले उनीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूमा असल स्वभाव भएको चाहनुहुन्छ। हामीले जहिल्यै पनि उनीहरूलाई अङ्कमाल गर्यौं र हामीले उनीहरूलाई प्रेम गर्दछौं र अनुशासन उनीहरूकै भलाइको निम्ति हो भनी उनीहरूले जानेको निश्चय गर्यौं। खुलेर भन्ने हो भने, हामीले साँच्चै कसैलाई पनि चौथौ कक्षापछि छडी लगाउनुपरेन (Rearing Spiritual Children, p. 58)।

6. अनुशासन निरन्तर र अटुट हुनुपर्छ (हिब्रू १२:११)।

बुबा-आमाहरूले गर्न सक्ने एउटा औधि महत्त्वपूर्ण कुरा भनेको उनीहरूको अनुशासन र तालिममा निरन्तर र अटुट हुनु हो। अनाज्ञाकारीतामा सजाय, पारिवारिक अध्ययन, जिम्मेवारपूर्वक सिकाउने कुराहरूमा (अरू सूची आफैं बिचार गर्नुहोस्) यो साँचो हो। रोकिनु र फेरी सुरु गर्नुले अनुशासनलाई असररहित तुल्याउँछ। बुबा-आमाहरूले ठोस बाइबलीय सिद्धान्तहरू स्थापित गर्नुपर्छ र लागिरहनुपर्छ। हामीले यो कुरा छडीको सन्दर्भमा बताएका थियौं, तर अझै यो कुरामा जोड दिन चाहन्छौं। जब सुधारको कुरा आउँछ, कहिले काहिँ यसले ठीक असर नगरेको जस्तो देखा पर्न सक्छ। पाष्टर मारियो स्किआभोनी (Pastor Mario Schiavoni)ले यसरी व्याख्या गर्दछन्, "अनुशासन भनेको चाबी हो, र हामीले आफू अटुट हुने कोसिस गर्नैपर्छ। यस्तो समयहरू आएको मलाई थाह छ जब हाम्रो पहिलो सन्तानलाई गरिएको अनुशासन असरदार छैन जस्तो देखिएको थियो। तिनी कडा इच्छा भएकी नानी थिइन्। अनुशासन गर्यौं र फेरी अनुशासन गर्यौं, तर एकदिन केहि हुन्छ, केहि सफलता पाइन्छ। यो त्यहि कुरा हो जुन हामीले हाम्रो मण्डलीलाई र मण्डलीका सदस्यहरूलाई उत्साह दिने कोसिस गरेका छौं। असर नगरिरहेको जस्तो देखिएला, तर असर त गरेकै हुन्छ। समय निकै लाग्न सक्छ, तर मूल्य हात लाग्ने नै छ। हामीले यो कुरा आफ्नै सन्तानमा देख्यौं। तपाईंले केवल निरन्तर अनुशासन गरिरहनुपर्छ। हाम्रो जेठी छोरी करिब छ र सात वर्षको हुँदा हामीले धेरै कुराहरू झेल्यौं। त्यो बेला यो वास्तविक युद्ध झैं भएको थियो।"

बुबा-आमाहरू, यदि अनुशासनले असर नगरेको जस्तो देखिएमा, परमेश्वरको वचनमा फर्किनुहोस्, र तपाईंले ठीक अभ्यास र अनुशासन गरिरहनुभएको छ कि छैन भनी निश्चित गर्नुहोस्।

के तपाईंले पर्याप्त ताकतमा छडीको प्रयोग गरिरहनुभएको छ?

के तपाईंले छडीलाई प्रेमसँग मिलाएर प्रयोग गरिरहनुभएको छ?

के तपाईंले निरन्तरता पूर्वक अनुशासन गरिरहनुभएको?

के तपाईंले बालकलाई बहुसङ्ख्यक हुकुम र चेतावनी दिनु नपर्ने गरी तरुन्त आज्ञा पालन गर्न तालिम दिइरहनुभएको छ?

के तपाईंले आफ्नो बालकले तपाईंले के चाहिरहनुभएको छ भनी स्पष्ट बुझ्ने गरी कुरा गरिरहनुभएको छ?

के तपाईंले बालकलाई खलबली मच्च्याने वा सजायलाई प्रतिरोध गर्ने अथवा खराब आचरण देखाउने अनुमती दिन देखि इन्कार गरिरहनुभएको छ?

यदि जवाफ सकारात्मक छ भने, लागिरहनुहोस् र परमप्रभुले तपाईंलाई फल दिनुहुनेछ भनी भरोसा गर्नुहोस्।

7. अनुशासनको निम्ति बालकको जीवनसँग घनिष्ठता र नजिकको परस्परता हुनुपर्छ।

बुबा-आमाले नानीहरूको जीवनमा ठ्याक्कै के भइरहेको छ भनी राम्रो ज्ञान राख्नुपर्छ र ईश्वरीय नजर र नियन्त्रण राख्ने अभ्यास गर्नुपर्छ। आफ्नो बालक कहाँ छ र के गर्दैछ, उसको साथी को हो,

उसले कस्तो सङ्गीत सुन्दैछ, कस्तो खेल खेल्दैछ, कस्तो पुस्तक पढ्दैछ, इन्टरनेटमा के चलाउँदैछ भनी उनीहरूले जान्नु पर्छ। उनीहरूले बालकसित र उसको चिनजानका मानिसहरूसँग पारस्पर गर्नुपर्छ। मिस्सनरी टोनी इभान्स (Tony Evans) भन्नुहुन्छ, "पारस्परता हाम्रो निम्ति ठूला कुराहरू मध्येको एउटा भएको छ। जब तपाईंका धेरै नानीहरू हुन्छन्, उनीहरू समूहभित्रै हराउँछन्, त्यसैले हामीले हरेकका निम्ति दिनहरू र समयहरू मिलाएका छौं। मैले कुनै एकजनालाई स्कूल सुरु हुनु भन्दा अगाडी बिहानीको खाजा खान लैजान्छु वा कफी खान र कुरा गर्न लिएर जान्छु, अनि त्यो चाहिँ त्यहि बालकको निम्ति छुट्याइएको समय हुन्छ। मलाई लाग्छ हामीले त्यसरी नै हाम्रो बिचमा पारस्परतालाई कायम राखेका छौं। हामीले महसुस गरेका छौं कि अभिभावकहरू र बालकहरू बिचको पारस्परता चाहिँ उनीहरूको जीवनलाई परमेश्वरको निम्ति ढालेर बनाउनलाई सक्षम छ। धेरैपटक जब बालकहरू यूवावस्थामा पुग्छन्, उनीहरू आफ्नो बुबा-आमाहरूसँग कुनै सरोकार नराख्न रुचाउँछन्, तर मेरो बिचारमा अधिकांश अवस्थामा समस्याचाहिँ उनीहरू सानै हुँदा नै पारस्परताको कुनै नाता नराख्नु हो। त्यसैले हामीहरू एकअर्कासित घुलमील भएका हौं र जोडिएका हौं भन्ने उद्देश्यले उनीहरू चार र पाँच वर्षको हुँदा नै हामीले उनीहरूलाई पालैपालो, एक-एक गर्दै घुमाउन लगिरहेका छौं। उनीहरूको चेलापनको सम्बन्धी कुरा गर्ने स्थल त्यहिँ नै हुनेगर्छ। हामी म्याकडोनल्ड्स (MacDonalds)मा बस्नेगर्छौं र बाइबल अध्ययनहरू गर्ने गरेकाछौं।"

बालकहरूले के-कस्तो गरिरहेका छन् भनी बुझ्नलाई बुबा-आमाहरूले उनीहरूसँग सरोकार राख्ने शिक्षकहरू र अरू व्यक्तिहरूसँग कुरा गर्नुपर्छ। एकजना सन्डेस्कूल शिक्षकले कक्षाकोठामा प्राय:जसो केटाहरूले पाठमा कुनै पनि ध्यान नदिइरहेको बारे मलाई बताउनुभयो। उनीहरू आफ्ना बुबा-आमाको करले मात्र कक्षामा बसिरहेका होलान् कि जस्तो उनलाई लागिरहेको थियो। उनीहरूको बुबा-आमाको बारेमा तपाईंलाई छक्क लाग्ला। के उनीहरूलाई यस कुराको बारेमा थहा थियो कि उनीहरूलाई वास्ता नभएको हो? मैले उक्त सन्डेस्कूल शिक्षकलाई कहिँ उनले बुबा-आमाहरूसँग कुनै पारस्पर गर्नुभयो कि भनी सोधें, र उनले आफू त्यस काममा नभएको थुप्रै समय भइसकेको र अब यस समयमा उहाँहरूसँग कुरा गर्न सङ्कोच मानिरहेको जवाफ दिनुभयो। म विश्वास गर्दछु कि उनले उनीहरूका अभिभावकहरूसँग कुरा गर्नुपर्छ र उनले देखेको कुरा बताउनुपर्छ, तर नानीहरूको शिक्षकसँग कुराकानी गर्नु बुबा-आमाहरूको पनि जिम्मेवारी हो।

८. बुबा र आमा दुवैजनाको समन्वयमा अनुशासनको अभ्यास गर्नुपर्छ (हितोपदेश १:८)

बाल-अनुशासन सम्बन्धी हितोपदेशको पुस्तकले बाह्र पटक दुवै बाबु र आमाको उल्लेख गरेको छ (हितोपदेश १:८; ४:३; ६:२०; १०:१; १५:२०; १९:२६; २०:२०; २३:२२,२५; २८:२४; ३०:११,१७)। पास्टर जे.बी. बफ्फिङगटन (J.B. Buffington)ले चेतावनी यसरी दिनुभएको छ, "बालकको अनुशासनमा बुबा र आमा दुवैजना सहमत नभएको देख्दा बालकले त्यस अवस्थाको लाभ उठाउन उसले तुरुन्तै सिक्दछ। उसले बुबा र आमाको बीचमा झगडा ल्याउनको निम्ति समस्या उत्पन्न गर्ने जोखिम पनि उठाउन सक्छ। जब तपाईंले अनुशासन गर्नुहुन्छ, बुबा-आमा दुवैजनामा समन्वय हुनुपर्छ र तपाईंको समन्वयमा भएको कुरा बालकलाई पनि देखाउनुपर्छ।

आमाले यसो भन्नैपर्छ, “यदि बुबाले यसो भन्नुभएको छ भने, त्यो ठीक हो।” बुबाले यसो भन्नैपर्छ, “यदि आमाले यसो भन्नुभएको छ भने, त्यो ठीक हो।” उहाँहरूले एक-अर्कालाई समर्थन गर्नैपर्छ र कुनै बिचारमा भिन्नता छ भने गुप्तमा बातचित गर्नुपर्छ।”

**बाल-अनुशासन भाग २ बाट पुनरावलोकनका निम्ति प्रश्नहरू**

1. उचित बाल-अनुशासनमा ______________________ वा ____________ वा ______________________ अनुमती हुँदैन।
2. _______ र _______ कष्टदायक र घातक क्यान्सरझैं बढ्दछ।
3. _________ र _______ दुवैको निम्ति अनुशासनको अभ्यास गरिनुपर्छ।
4. नानीहरूलाई ______________ मिलेर बस्न सिकाइनुपर्छ।
5. साना नानीहरूलाई ठूला नानीहरूको __________ र ___________ गर्न सिकाइनुपर्छ।
6. कुन पदले परमेश्वरले आफूले प्रेम गरेकाहरूलाई ताडना दिनुहुन्छ भनी बताउँछ?
7. बुबा-आमाहरूले गर्न सक्ने एउटा औधि महत्त्वपूर्ण कुरा भनेको उनीहरूको अनुशासन र तालिममा ________ र __________ हुनु हो।
8. अभिभावकहरूले ठीक अभ्यास र अनुशासन गरिरहनुभएको छ कि छैन भनी निश्चित गर्नलाई हामीले प्रयोग गर्न सक्ने ६ ओटा जाँचहरू के-के हुन्?
9. बाल-अनुशासन सम्बन्धी हितोपदेशको पुस्तकले कति पटक दुवै बाबु र आमाको उल्लेख गरेको छ?
10. बाल-अनुशासनमा बाबु र आमाहरूको बिचमा समन्वय नहुँदा के हुन्छ?

# बाल-अनुशासन

## पाठ ३

कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश १३:२४; १९:१८; २२:६,१५; २३:१३-१४,२६; २९:१५

अघिल्ला दुई पाठहरूमा हामीले बाल-अनुशासन सम्बन्धी आठ महत्त्वपूर्ण बाइबलीय सिद्धान्तहरू हेर्यौं:

1. अनुशासन यथासिघ्र सुरु गर्नुपर्छ।
2. अनुशासनमा छडीको प्रभावकारी सदुपयोग गर्नैपर्छ।
3. उचित बाल-अनुशासनमा अभद्र तरिकाले कुरा गर्ने वा खलबली मच्च्याने वा सजायलाई प्रतिरोध गर्ने अनुमती हुँदैन।
4. व्यवहार र आचरण दुवैको निम्ति अनुशासनको अभ्यास गरिनुपर्छ।
5. दयालु भएर अनुशासन गर्नुपर्छ।
6. अनुशासन निरन्तर र अटुट हुनुपर्छ।
7. अनुशासनको निम्ति बालको जीवनसँग घनिष्ठता र नजिकको परस्परता हुनुपर्छ।
8. बुबा र आमा दुवैजनाको समन्वयमा अनुशासनको अभ्यास गर्नुपर्छ।

यस पाठमा बाल-अनुशासन सम्बन्धी एउटा अन्तिम सिद्धान्तको अध्ययन गर्नेछौं।

9. अनुशासनले बालकको हृदय सम्हालिनुपर्ने माग गर्दछ (हितोपदेश २३:२६)।

   यदि बुबा-आमाले नानीहरूको हृदयलाई कैद गरेनन् र सम्हालेनन् भने कुनै पनि तालिम वा अनुशासनले उचित काम गर्न सक्दैन। यदि उनीहरूको हृदय बाबु-आमाहरूबाट पराई भयो भने, नानीहरूले आत्मिक रूपमा भताभुङग भएको जहाज जस्तै महसुस गर्नेछन्। प्रत्येक व्यक्तिको जीवनको केन्द्र नै हृदय हो। पवित्र-शास्त्रमा यो ८३३ पटक उल्लेख गरिएको छ! “आफ्नो हृदयलाई पूरा यत्नसित सम्हालेर राख; किनकि यसैबाट जीवनका धाराहरू निस्कन्छन्” (हितोपदेश ४:२३)। जब नानीहरू साना हुन्छन्, स्वभावैले उनीहरूले आफ्ना हृदय आफ्ना बुबा-आमालाई दिन्छन्, र बुबा-आमाले उनीहरूसँग प्रेममा र ईश्वरीय बुद्धिमा व्यवहार गरेमा उनीहरूको हृदयलाई सम्हाल्न सक्छन्।

   निम्न केहि कारणहरूले बालकको हृदय उसको बुबा-आमाबाट टाढो हुन सक्छ:

1. अभिभावकीय कपटताले हृदय टाढो हुन सक्छ। जब बुबा-आमाहरू कपटी हुन्छन् र घरमा परमप्रभुसँग इमान्दार भएर हिँड्दैनन्, नानीहरू निरुत्साहित हुन र निराश हुन सक्छन् अनि उनीहरूको सैतानको निम्ति सजिलो निशाना बन्न सक्छन्।

2. श्रीमान र श्रीमती बीच विवादपूर्ण सम्बन्ध भएमा हृदय टाढो हुन सक्छ। बाबुले आफ्ना नानीहरूको निम्ति गरिदिन सक्ने महत्त्वपूर्ण कुराहरू मध्ये एउटा चाहिँ आफ्नो श्रीमतीलाई प्रेम गर्नु हो, र त्यसैगरी आमाले आफ्ना नानीहरूको निम्ति गरिदिन सक्ने महत्त्वपूर्ण कुराहरू मध्ये एउटा चाहिँ आफ्नो श्रीमानलाई प्रेम गर्नु हो। एकजनाले यसरी बताउनुभयो, "तपाईंको श्रीमतीसँग प्रेमीलो सम्बन्ध राखिराख्नालेचाहिँ नानीहरूको हृदयलाई सम्हाल्न मद्दत गर्दछ। जब नानीहरूले त्यो देख्दछन्, उनीहरू सुरक्षित स्थानमा छन् भनी उनीहरूले जान्दछन्। तपाईंको पत्नीलाई नानीहरूको सामु प्रेम र माया दिनु भनेको सकारात्मक कुरा हो।"

3. बुबाले नानीहरूलाई रीस उठाउने गरी गाली गर्नाले हृदय टाढो हुन सक्छ (एफेसी ६:४)। जब यस्तो हुन्छ, बुबाले आफ्ना नानीहरूको हृदय आफूबाट गुमाउन सक्छ र उनीहरू संसारको निम्ति सजिलो शिकार हुन सक्छन्। हामीले यसको बारेमा किपिङ्ग द किड्स (Keeping the Kids) नामक पुस्तकको एउटा खण्डमा राम्ररी टिप्पणी गरेका छौं।

4. बुबा-आमाको लापर्वाही र नानीहरूलाई आफ्नै संसारमा जीउन छोडिदिनाले हृदय टाढो हुन सक्छ। धेरै मण्डलीहरू घुम्नुभएको र धेरै यूवा मानिसहरू बिद्रोही बन्न पुगेको देख्नुभएको एकजना मिसनरीले यसो भन्छन्, "नानीहरूसँग नजिकको सम्बन्ध राख्नु सबैबभन्दा महत्त्वपूर्ण कुरा हो भनी मलाई लाग्छ। धेरै अभिभावकहरू परिवारसँग आत्मिक रूपमा नजिक हुनुभन्दा अरू कुराहरूमा नै अति व्यस्त हुन्छन्। नानीहरूमा ठूलो बिद्रोहको परिणाम ल्याउँने किसिमका भिडियोगेमहरू, चलचित्रहरू, सङ्गीत, हेडफोन, इन्टरनेट इत्यादि जस्ता आफ्नै संसारमा उनीहरू हुर्किन्छन्। जब उनीहरू आफ्नै निर्णय गर्नसक्ने वयस्क हुन्छन्, उनीहरू आफ्नै मार्गमा जान्छन् र आफ्ना आभिभावकहरूको कुरा सुन्दैनन्।"

5. धीरज र प्रेमको कमीले, अनि शारीरिक आलोचनाको कारणले हृदय टाढो हुन सक्छ। बुबा-आमाहरू आफ्ना नानीहरूप्रति निकै धैर्यवान र दयालु हुनुपर्छ। उनीहरू संवेदनशील हुन्छन्। हाम्रा कुनै नियमहरू हुनैपर्छ र नियमहरू लगाइनैपर्छ र अनुशासन पनि गरिनैपर्छ, तर उनीहरू बालकहरू हुन् भनी हामीले कहिल्यै पनि बिर्सनुहुँदैन अनि ईश्वरीय चरित्रको बानी र आत्मिक हुर्काइ एकैरातमा हुँदैन। यो त लामो प्रकृया हो। अभिभावकहरू आफैं पनि अहिलेको अवस्थासम्म आइपुग्न कति लामो र सम्भवत: कति कठिन प्रकृया लागेको थियो भनी बिर्सनुहुँदैन।

6. बुबा-आमाहरूद्वारा नजिकको संलग्नताको अभावले हृदय टाढो हुन सक्छ। हाम्रो प्रश्नहरूको उत्तर दिँदै थुप्रै मानिसहरूले यस्तो जवाफ दिएका थिए।

“तपाईंको नानीहरूको कुरा सुन्नुहोस्। साँच्चै सुन्नुहोस् र उनीहरूलाई के भइरहेको छ भनी बुझ्ने प्रयास गर्नुहोस्। उनीहरूको कुरा तपाईंलाई महत्त्वहीन लागे पनि उनीहरूसँग सरोकार राख्ने कुराहरूमा चासो दिनुहोस्”

“जब उनीहरू तपाईंकहाँ आउँछन् र कुरा गर्न चाहन्छन्, तपाईंले सुनिदिनु महत्त्वपूर्ण कुरा हो। उनीहरूमाथि जाइनलाग्नुहोस् अथवा उनीहरूका कुराहरूलाई बेवास्ता नगर्नुहोस्। जब तपाईंकहाँ आएर आफ्नो मन खोल्न वा आफ्ना प्रश्नहरू तपाईंकहाँ ल्याउन उनीहरूले सुरक्षीत महसुस गर्छन्, तब उनीहरूलाई सिकाउन र आफ्नो हृदय खोल्ने सल्लाह दिन तपाईंसँग राम्रो अवसर हुन्छ।”

“हामीले सन् १९९० मा दुईजना धर्म-पुत्रीहरू लिँदा एकजनाले मलाई एउटा सल्लाह दिएको कुरा तपाईंहरूलाई बाँड्न चाहन्छु, र त्यो यहि हो, ‘तपाईंले आफ्ना नानीहरूसँग पर्याप्त समय बिताउन सक्नुहुँदैन’ त्यति हो। तपाईंले पाउनुभएको हरेक अवसरम उनीहरूसँग समय बिताउनुहोस्, तपाईं कोठामा केहि अरू काम गरिरहनुभएको भए तापनि, उनीहरूप्रति टाँठो रहनुहोस्। उनीहरूको जीवनमा तपाईं उपस्थित रहनुहोस्। र हरेक अवसरमा उनीहरूसँग कुराकानी गर्नुहोस्। पारिवारिक निर्णहरूमा उनीहरूको बिचारलाई पनि स्वागत गर्नुहोस् उनीहरूको कुराको सुनाइ भइरहेको छ भनी उनीहरूले जानेपछि, उनीहरू सजिलै अघि बढ्न सक्छन्। यो कुरामा तपाईं निष्कपट हुनुपर्छ। जब कुनै ठूलो परिस्थितीहरू आइपर्छन्, सबैजना वरिपरि बस्नुहोस् र समाधान निकाल्ने प्रयास गर्नुहोस्।”

“नानीहरूको हृदय जित्ने भनेको उनीहरू साना छँदा नै हो, उनीहरूसँग समय बिताएर, उनीहरूलाई पढाएर, र उनीहरूसँग मिलेर उनीहरूको अभिरुचिको विकास गराएर। तपाईंका कामहरूका कारणले उनीहरूलाई आफूबाट पर नराख्नुहोस्। अरू कसैलाई उनीहरूको हृदय जित्न दिएर पनि आफूले नै हृदय जितेको बराबर हुन्छ भनी नसोच्नुहोस्।”

“म विश्वास गर्दछु कि अभिभावकहरूले नानीहरूसँग नजिकको सम्बन्ध राखेर उनीहरूको हृदय जित्न सक्छन्। परमेश्वर हाम्रो नजिकमा आउनुभएको र हाम्रो हृदय उहाँको नजिकमा ल्याउनुभएको पनि त्यसरी नै हो। आजको समाजमा बुबा-आमाहरूले आफ्ना नानीहरूको लागि निकै कम समय दिनेगर्दछन्। नानीहरूलाई घरमै गृह-अध्ययन गराइँदा पनि, मेरो अनुभव यो छ कि गृह-अध्ययन गराइएका अधिकांश नानीहरूले आफैंलाई पढाइरहेका हुन्छन्। मेरो ९ वर्षे छोरा सँधै मकहाँ आएर मसँग केहि गर्न खोजिरहेको हुन्छ। अब, मैले सँधै समय दिन सक्दिनँ, तर यदि मैले ‘हुन्छ, आऊ हामी बसौं र खेलौं” भन्ने समय कहिल्यै पनि निकालिनँ भने उसले मसँग केहि पनि गर्ने इच्छा गर्नेछैन किनभने मैले ऊसँग केहि पनि गर्न नखोजिरहेको उसले देख्नेछ। हामीले गरिरहेको कुराहरूलाई एकछिनको निम्ति थाँती राखेर नानीहरूसँग बस्ने समय मिलाउनुपर्छ। हाम्रो नानीहरू हुर्काउन हामीले समय मिलाउनैपर्छ। यसको अर्थ हो परमेश्वरको वचन अध्ययनभित्र र परमेश्वरको वचन अध्ययन बाहिर हामीले उनीहरूसँग समय बिताउने गर्नुपर्छ।”

"हामी विश्वास गर्दछौं कि एउटा कुराले हाम्रो माझमा राम्रो काम गरेको छ, अर्थात् नानीहरूको जीवनको नजिक रहनु, तिनमा चासो देखाउनु, तिनीसँग बातचित गर्नु, तिनी हाम्रो निम्ति हामीसँग भएका थोकहरूमध्ये एकदम महत्त्वपूर्ण हुन् भनी तिनलाई महसुस गराउनु, तिनलाई प्रेम गर्नु। जहिल्यै पनि हामी तिनीप्रति खुल्ला छौं र ऊसँग कुनै पनि कुरामा छलफल गर्न सक्छौं भनी हामीले तिनलाई जनाउन चाहन्छौं। फलस्वरूप, जुनसुकै थोकहरूको बारेमा हामीसँग कुरा गर्न तिनी सजिलो महसुस गर्छिन्, अथवा, केहि लाज लाग्ने कुराहरूको निम्ति चाहिँ आफ्नी आमासँग।"

यदि यो सम्बन्ध जोशसाथ सुरक्षित र कायम राखियो भने, नानीहरू वयस्क हुँदा उनीहरूले अझै पनि बुबा-आमाहरूसँग आफ्नो हृदय खुल्ला राख्नेछन् र सांसारिक "पुस्ताको अन्तराल" (generation gap) जोडिनेछ। बुबा-आमाहरूले आफ्ना टिनएज (teenage) यूवाहरूलाई यस वर्तमान समयको चरित्रले भरिएको ठूलो खाडलहरूबाट बचाएर डोर्याउन सफल हुनेछन्।

7. अभिभावकहरूको पक्षबाट सत्यता र स्वीकार र नम्रताको कमीले हृदय टाढो हुन सक्छ (एफेसी ५:२१; याकूब ५:१६)।

8. स्पष्ट बाइबलीय आधार नभएका नियमहरू हुनाले र नानीहरूलाई नियमहरू राख्नुको कारण नसिकाउनाले हृदय टाढो हुन सक्छ।

9. नानीहरूले मुक्ति नपाउँदा र परमेश्वरको वचनमा नबसालिँदा अनि परमेश्वरको वचनलाई आफ्नो दैनिक जीवनमा लागु गर्न नसिक्दा हृदय टाढो हुन सक्छ। ख्रीष्टसित साँचो व्यक्तिगत सम्बन्ध नभएका र परमेश्वरको वचनमा नबसालिएका नानीहरू नै संसार, शरीर र शैतानद्वारा हृदय चोरिनसक्ने मूख्य पात्रहरू हुन्।

10. प्रार्थनाको कमी हुँदा हृदय टाढो हुन सक्छ। अटुट, प्रभावकारी प्रार्थनाले नानीहरूको हृदयलाई परमप्रभुको निम्ति सुरक्षित राख्ने र शत्रुद्वारा चोरिनबाट जोगाउने एउटा महत्त्वपूर्ण मार्ग हो।

11. सांसारिक मित्र, नातेदार, वा शिक्षक हुनाले हृदय टाढो हुन सक्छ। आमा-बुबाहरूले जोशसाथ र प्रेमसाथ हानिकारक सम्बन्धहरूबाट जोगाउनुपर्छ जुन सम्बन्धहले नानीहरूको हृदयहरू आफूबाट टाढा र दुष्टताको नजिक लैजान्छ।

12. संसारको आधुनिक सङ्गीत (pop music) र त्यसको स्व-केन्द्रित, बिद्रोही विचारधाराद्वारा हृदय टाढो हुन सक्छ। पप सङ्गीतले जस्तो अरू थोरै कुराहरूमा मात्रै नानीहरूको हृदय संसारतर्फ टाढो लैजाने सामर्थ्य हुन्छ।

13. विद्यालयको सांसारिक वातावरण, चाहे त्यो ख्रीष्टियन होस् वा अन्य, तीद्वारा हृदय टाढो हुन सक्छ।

14. लेखहरू वा भिडियो गेमहरूबाट हुने दुष्ट प्रभावले हृदय टाढो हुन सक्छ (१ कोरिन्थी १५:३३)।

15. खेलकुदहरूको निम्ति शारीरिक प्रेमले हृदय टाढो हुन सक्छ, जुनचाहिँ संसारसँग जोडिने पुल बन्दछ।

दाऊदले आफ्नो छोरा अब्शालोमको हृदय आफूबाट गुमाएको नमूनालाई विचार गर्नुहोस्। यो दु:खद कथा हामीले २ शमूएल ११-१५मा पढ्न सक्छौं। (१). दाऊदले बतशेबाको बिषयमा पाप गरे र आफ्नो गवाही बिगारे (२ शमूएल ११-१२)। (२). दाऊद अम्नोनको झूटमा फसे र तामारलाई, अम्नोनको बहिनीलाई, उसको कोठामा पठाए। अम्नोनले तामारको बलात्कार गरेपछि, दाऊद रिसाएका थिए तर तिनले अब्शालोमप्रति खेद प्रकट गरेनन् अथवा कुनै अनुशासनको अभ्यास गरेनन् अथवा उक्त समस्यालाई व्यवहारिक रूपमा कारोबार गरेनन् (२ शमूएल १३:१-७, २१)। (३). अब्शालोमले अम्नोनको हत्या गरे र भागे, दाऊदले तिनको तिर्सना त गरे तर तिनलाई खोज्न कोहि पठाएनन् र तिनीसँग व्यक्तिगत रूपमा व्यवहार गरेनन् (२ शमूएल १३:३७-३९)। (४). दाऊदले अब्शालोमलाई फर्कने अनुमती दिए तापनि, तिनीसँग बातचित गर्न तिनले इन्कार गरे (२ शमूएल १४:२१-२४)। (५). अब्शालोमले योआबको बारीमा आगो लगाइदिएपछि, योआबले दाऊदलाई अब्शालोमसँग भेट गर्न मनाए, तर अति ढिलो भइसकेको थियो; अब्शालोमको हृदय पुनर्स्थापना नहुने गरी टाढो भइसकेको थियो (२ शमूएल १४:२८-१५:६)।

त्यसैले, दाऊदले अब्शालोमको हृदयलाई माथि लिखित कम्तीमा ६ कारणहरूले गर्दा गुमाए: कपटद्वारा, बेवास्ताद्वारा, श्रीमान् र श्रीमतीबिचको कमजोर सम्बन्धद्वारा (दाऊदको बहूविवाहको कारणले दाऊदले श्रीमान् र श्रीमती बिचको उत्तम समय बिताए कि भन्ने कुरामा शंका लाग्छ), स्वीकार र नम्रताको कमीले, बातचितको कमीले, र अनुशासनको कमीले।

**बाल-अनुशासन भाग ३ बाट पुनरावलोकनका निम्ति प्रश्नहरू**

1. बाइबलमा हृदय कतिपटक उल्लेख गरिएको छ?
2. आफ्नो हृदयलाई पूरा यत्नसित सम्हालेर राख; किनभने यसैबाट _______ _______ ___________।
3. कुन १६ कारणहरूले आफ्नो बाबु-आमाबाट नानीहरूको हृदय टाढो हुन सक्छ?
4. बाबुले आफ्ना नानीहरूको निम्ति गरिदिन सक्ने महत्त्वपूर्ण कुराहरू मध्ये एउटा चाहिँ आफ्नो श्रीमतीलाई _____ _____ हो।
5. दाऊदले तिनको छोरा अब्शालोमको हृदय कुन पाँच कारणहरूले आफूबाट गुमाए?